घरपझोङ गाउँकार्यपालिकाबाट स्वीकृत मितिः २०७५/०३/९

# घरपझोङ गाउँपालिका

# घरपझोङ गाउँपालिका छात्रवृत्ति कोष सम्बन्धी कार्यविधि

## २०७५

## घरपझोङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

जोमसोम, मुस्ताङ

## घरपझोङ गाउँपालिका मा छात्रवृत्ति कोष सम्बन्धी यस गाउँपालिकाले यो कार्यविधि तयार पारेको छ ।

घरपझोङ गाउँपालिका भित्रका सामुदायिक विद्यालयमा अध्ययनरत, स्थानीय, अतिविपन्न, दलित बालबालिकाहरुको लागि छात्रवृत्ति स्थायी कोषको रुपमा विकसित गर्दै प्रत्येक वडाका वडा अध्यक्ष एवं वडा सदस्यहरुको बैठकले सिफारिस गरेका अतिविपन्न, विपन्न, गरिव परिवारको दलित र जेहेन्दार बालबालिकाको पहिचान गरी सम्बन्धित वडामा सञ्चालित विद्यालयलाई जानकारी गराई विद्यालयको सिफारिस साथ वडा कार्यालयमा प्राप्त भएको विवरणलाई वडाका सिफारिसका आधारमा गाउँ कार्यपालिको बैठकबाट निर्णय भए अनुसार आधारभूत तह देखि कक्षा १२ सम्म र प्राविधिक सीप विकासका लागि वार्षिक तपसिलको विवरण अनुसार वितरण वा व्यवस्थापन गर्ने आशयले यो छात्रवृत्ति कोष खडा गरिएको छ ।

१. सम्बन्धित गाउँपालिका भित्र बसोबास गर्ने सम्बन्धित गाउँपालिका भित्र नै कक्षा ११ र १२ अध्ययन गर्ने जेहेन्दार, गरिव, दलित तथा विपन्न विद्यार्थीका लागि प्रति विद्यार्थी रु. ८००।- का दरले १० जनाका लागि मासिक छात्रवृत्तिको व्यवस्था गर्ने ।

२. माध्यमिक तह कक्षा (९ र १० ) मा अध्ययन गर्ने गरिव, दलित, जेहेन्दार विद्यार्थीहरुका लागि प्रति विद्यार्थी रु. २०००।- का दरले १२ जना विद्यार्थीका लागि वार्षिक रुपमा छात्रवृत्तिको व्यवस्था गर्ने ।

३. आधारभूत तह अध्ययन गर्ने सम्बन्धित गाउँपालिका भित्र बसोबास गर्ने गरिव, दलित, जेहेन्दार तथाविपन्न वर्गका विद्यार्थीहरुकालागि वार्षिकरुपमा प्रति विद्यार्थी रु. १०००।- का दरले जम्मा २५ जना विद्यार्थीहरुका लागि छात्रवृत्ति व्यवस्था गर्ने ।

४. सम्बन्धित गाउँपालिकाभित्र बसोबास गर्ने आधारभूत तहका ३० जना र माध्यमिक तह (९-१०) का जम्मा १२ जना छात्राहरुका लागि आधारभुत तहका लागि रु. १०००।- का दरले र माध्यमिक तहका लागि रु. २०००।- का दरले वार्षिक रुपमा छात्राछात्रवृत्ति व्यवस्था गर्ने ।

५. घरपझोङ गाउँपालिकाभित्र स्थायी ठेगाना भई माध्यमिक शिक्षा परीक्षा उर्त्तीण गरी वा कक्षा ८ उर्त्तीण गरी धौलागिरी प्राविधिक शिक्षालयमा प्राविधिक सीप हासिल गर्न भर्ना भई अध्ययन गरिरहेका गरिव तथा जेहेन्दार विद्यार्थीहरुलाई प्रति महिना रु. २५००।- का दरले जम्मा १० महिनाका लागि ६ जना विद्यार्थीहरुलाई सम्बन्धित वडा अध्यक्षको सिफारिसमा गाउँ कार्यपालिकाको निर्णय अनुसार छात्रवृत्तिको व्यवस्था गर्ने ।

६. छात्रवृत्ति कोषमा प्रत्येक गाउँसभाबाट कोष वृद्धिका लागि बजेट थप गर्दै जाने ।

७. छात्रवृत्ति प्राप्त गर्ने बालबालिकाहरुको उपस्थिती अनिवार्यरुपमा ८० प्रतिशत हुनुपर्नेछ ।

घरपझोङ गाउँकार्यपालिकाले खडा गरेको छात्रवृत्ति कोष सञ्चालन, व्यवस्थापन, वितरण र अनुगमनको लागि कार्यपालिकाले निर्णय गरे बमोजिम एक छात्रवृत्ति कोष समिति रहनेछ ।

१. गाउँ कार्यपालिकाको उपाध्यक्ष — संयोजक

२. प्रत्येक वडाका वडा अध्यक्षहरु — सदस्य

३. प्रमुख प्रशासकीय अधिकृत — सदस्य

४. शिक्षा शाखा प्रमुख वा शिक्षा शाखा प्रमुख नतोकिएको हकमा शिक्षा विकास तथा समन्वय ईकाई प्रमुख वा ईकाई प्रमुखले तोकेको अधिकृत कर्मचारी — सदस्य

५. घरपझोङ गाउँपालिका अर्न्तगत जनहित माध्यमिक विद्यालयका प्रधानाध्यापक — सदस्य

छात्रवृत्ति कोष संचालक समितिले बैठक सम्बन्धि कार्यविधि आफै निर्धारण गरे बमोजिम हुनेछ । समितिका सदस्यहरुले नियमानुसार बैठक भत्ता पाउनेछन् ।

घरपझोङ गाउँपालिका
गाउँकार्यापालिकाको कार्यालय, जोमसोम, मुस्ताङ
(शिक्षा शाखा)
शिक्षा सम्बन्धी उठाउन सकिने आर्थिक संरचना

उद्देश्यः शैक्षिक गुणस्तर सुधार गर्न संस्थागत विकास ( शिक्षा समिति बैठक, सेमिनार, गोष्ठि सञ्चालन, शैक्षिक सामाग्री निर्माण र शिक्षक विकास तालिम)

१. विद्यालयबाट अस्थायी करार, सट्टा र राहत शिक्षक नियुक्ति लिई अभिलेख कायमका लागि फाइल गाउँपालिकाको शिक्षा शाखामा प्राप्त भएपछि १५ दिनभित्र अभिलेख कायम गर्ने र अभिलेख वापतको गाउँकार्यपालिकाको निर्णय अनुसार दस्तुर सबै तहको अस्थायी करार, सट्टा शिक्षक, स्थायी नियुक्ति र बढुवा नियुक्तिको प्रतिशिक्षकको तलबको १० % अन्य विविध शिर्षकमा जम्मा गर्ने व्यवस्था गर्ने निर्णय गरियो ।(हाल जिल्ला शिक्षा समितिले लिईरहेको अवस्था)
२. नयाँ विद्यालय खोल्ने अनुमति पत्र, कक्षा थपका लागि धरौटी रकम बाहेक सामुदायिकका लागि आधारभूत विद्यालयलाई रु. १,००० (एक हजार), माध्यमिक तहलाई रु. २,००० (दुई हजार) र संस्थागत निजी गुठीको आधारभूत तहलाई रु. ५,००० (पाँच हजार) र उच्च माध्यमिक तहलाई रु. १०,००० (दश हजार) शिक्षा समितिको खातामा जम्मा गर्ने निर्णय गरियो।
३. शिक्षक सेवा आयोगले प्रदान गर्ने स्थायी अध्ययपन अनुमतिपत्रको राजस्व बाहेक प्रति अनुमतिपत्र वापत रु. ५०० (पाँच सय) लिने निर्णय गरियो ।
४. शिक्षक सरुवा र सरुवा सहमति वापत जिल्लान्तर सरुवामा रु. २,००० (दुई हजार) जम्मा गर्नुपर्ने निर्णय गरियो।
५. गाउँपालिकाबाट नियमित तलब भत्ता पाउने गरी नियुक्ति हुने विद्यालय सहयोगी र विद्यालय सहायकको अभिलेख कायम दर्ता विद्यालय सहयोगीको रु. ५०० (पाँच सय) र विद्यालय सहायकको रु. १,००० (एक हजार) जम्मा गर्नुपर्ने निर्णय गरियो।